मिति २०७७ फागुन ७ गते बसेको मर्स्याङदी गाउँ कार्यापालिकाको ७७ औं बैठकको निर्णयहरु :

१.यस कार्यालयले आब्हान गरेको ठेक्का नं-01/MRM/road/077-078 (**Construction and Upgrading of Bahundada Ghermu Road**) को ठेक्कामा मुल्याङ्कन समितीले पेश गरेको मुल्याङ्कन बमोजिम दोश्रो हुन आएको सोयाङ निर्माण सेवा थाहा १२ मकवानपुरलाई Notification of Award मिति २०७७/०९/०१ गते दिएको र १५ दिनको म्याद दिई सम्झौता गर्न बोलाइएकोमा नियम अनुसार कागजात पेश नगरेको हुदा निजको नियमानुसार धरौटी जफत गरी तेस्रो हुन आएको हिमान्जय कन्स्ट्रक्सनले सनराइज बैङ्क लिमिटेडको रु १७१०२४२.५७। बराबरको बैङ्क जमानत मिति २०७७।१०।२९ मा कार्यालयमा पेश गरेको हुनाले उक्त फर्म सँग ठेक्का सम्झौता गर्न प्रमुख प्रशासकिय अधिकृतलाइ निर्देशन दिने निर्णय गरियो।

२. यस मर्स्याङदी गाउँपालिकाको **RFP No.: MRM/RFP/QCBS/2077/78/01 "Periodic Plan Preparation of Marsyangdi Rural Municipality, Bhulbhule, Lamjung"** आबधिक योजनाको लागि बिस्तृत परियोजना प्रतिवेदन तयार गर्नुपर्ने भएकोले सुचिकृत फर्महरुलाई सम्बन्धित कार्यका लागि मिति २०७७/१०/२६ भित्र कार्यविवरण बमोजिम प्राविधिक तथा आर्थिक प्रस्तावना पेश गर्नू हुन उपयुक्त गरिएको र उक्त समयभित्र पेश भएका ५ वटा प्रस्तावना मुल्याङ्कन गर्दा **R.I.D. Engineering Consultancy, Shankhamul, Kathmandu** को सवैभन्दा बढी ८९.८७ अंक प्राप्त गरेको हुदाँ सार्वजनिक खरिद ऐनको दफा ३५ एवंम् सार्वजनिक खरिद नियामावलीको नियमको ८१ को उपनियम (४) अनुसार उक्त कम्पनीलाई कार्यादेश दिने निर्णय गरियो ।

३. यस मर्स्याङ्दी गाउँपालिकामा गठन भएको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी गठित प्रविधिकको सिफारीस अनुसार नरदेवी निमार्ण सेवा प्रा.लि लाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र दिने निर्णय गरियो ।

४.मर्स्याङ्दी गाउँपालिका वडा नं.१ नायुँमामा रहेको घनपोखरा स्वास्थ्य चौकीमा रिक्त रहेको कार्यालय सहयोगी पदमा कर्मचारी व्यवस्थापन गर्ने निर्णय गरियो ।

५.यस मर्स्याङ्दी गाउपालिकामा रहने रोजगार सेवा केन्द्रमा रिक्त रहेको रोजगार संयोजकको पदपूर्तिको लागि रोजगार संयोजकको पदपुर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड ,२०७६ को परिच्छेद ३ को दफा ६ अनुसार रोजगार संयोजक पदपूर्ति समिति गठन गर्ने निर्णय गरियो ।

६. कोभिड १९ का कारण केहि योजनाहरुको सम्झौता हुन बाँकी रहेकोले सो योजनाहरुको सम्झौताको म्याद २०७७ फागुन मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

७. गाउँपालिकाको कृषि उत्पादनको बजारीकरण, भण्डारण र प्रवर्द्धन गर्नको लागि मर्स्याङ्दी गाउँपालिका द्वारा प्रवद्धित मर्स्याङ्दी बहुउद्धेश्यि सहकारी संस्था लि.लाई विभिन्न कार्यक्रमहरुमा खर्च गर्नका निम्ति कृषि, पशु, जटिबुटी कार्यक्रमबाट रु. १० लाख अनुदानको रुपमा उपलब्ध गर्ने निर्णय गरियो ।

८. विपद व्यवस्थापन कोषबाट निम्नानुसर योजनाहरुमा सहयोग गर्ने निर्णय गरियो ।

- गल्छि तथा पहिरो उपचार कार्यक्रम, मर्स्याङ्दी -४ (झोलुङ्गे पुल संरक्षणको लागि) रु.१,५०,०००।-

११. विभिन्न धार्मिक, सांस्कृतिक, साहित्यिक, महोत्सव, दिवस सम्बन्धि खर्च शिर्षकबाट जिल्ला स्तरिय भलिबल खेलको लाीग रु.२५,०००।- सहयोग गर्ने निर्णय गरियो ।